कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत.

गण्डकी प्रदेश, नेपाल

कुश्मा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मा, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

## सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०७**

यस नगरपालिकामा चालु आ.व २०८१/०८२ मा सुरक्षित आप्रवासन कार्यक्रम संचालनको लागि सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ बमोजिम तपसिल बमोजिमको पदहरुमा सेवा करारको माध्यमबाट कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित दरखास्त फाराम भरी कुश्मा नगर कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.स | विज्ञापन नं | पद | तह | माग पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/२०८१-८२ | जिल्ला कार्यक्रम संयोजक | अधिकृतस्तर छैटौ | १ (एक) | १००० (एक हजार) |
| २ | ०२/२०८१-८२ | मनोसामाजिक परामर्शकर्ता | सहायकस्तर पाँचौ | १ ( एक) | ५००।– (पाँच सय) |
| ३ | ०३/२०८१-८२ | आप्रवासी स्रोत केन्द्र परामशर्शकर्ता | सहायकस्तर पाँचौ | १ (एक) | ५००।– (पाँच सय) |

**१.आवश्यक न्यूनतम योग्यताः**

क) जिल्ला कार्यक्रम संयोजकः

- जिल्ला कार्यक्रम संयोजकको लागि मानविकी तथा सामाजिक संकाय,व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह उत्तिर्ण गरी ५ वर्षको कार्यानुभव मध्ये कम्तीमा २ वर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रही कार्य गरेको अनुभव ।
- सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ ।

ख) मनोसामाजिक परामर्शकर्ताः

मनोसामाजिक परामशर्ताकर्ताको लागि सामी कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श सम्बन्धी ६ महिना तालिम प्राप्त मनोसामाजिक परामर्शको सन्दर्भमाः

कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत.

गण्डकी प्रदेश, नेपाल

- कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको ।

**नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्थाः**

नयाँ मनोसामाजिक परामर्श छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालिम पाठयक्रमले तोकेको योग्यता भएको हुनुपर्नेछ ।जुन निम्नानुसार छः

- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिष्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्कमा स्नातक तह, वि.एड स्वास्थ्य विज्ञान, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।
- मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई बिशेष प्राथमिकता दिइनेछ ।

ग) **आप्रवासी स्रोत केन्द्र परामर्शकर्ताः**

- न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तीमा ३ वर्षको कार्यानुभव भएको । साथै स्थानीय भाषा जानेको सुरक्षित बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानुन विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ ।

२. **दरखास्त दिने उमेरः** जिल्ला कार्यक्रम संयोजकको लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र मनोसामाजिक परामर्शकर्ता तथा आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता पदको लागि १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

३. **दरखास्त दिने अन्तिम मितिः** मिति २०८१/७/२१ गते सम्म ( आवेदन दिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलिपल्ट समेत दरखास्त फाराम बुझाउन सकिने छ )

४. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, कम्प्यूटर,प्रयोगात्मक तथा अन्तर्वार्ता

५. **लिखित परीक्षा हुने मितिः** प्रारम्भिक सुचीकरणको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ ।

६.**आवेदन साथ संलग्न कागजातहरुः-** नेपाली नागरिकताको प्रतिलिपी, आवश्यक न्यूनतम शैक्षिक योग्यता तथा कार्यानुभवको प्रमाणपत्रको प्रतिलिपी, पासपोर्ट साइजको फोटो, अन्य कार्य अनुभव भए सोको कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरि पेश गर्नुपर्ने छ ।

७. **सेवा सुविधाः** नेपाल सरकारले तोकेको स्केल बमोजिम ।

८. **माथि उल्लेख नभएका अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।**

कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत.
गण्डकी प्रदेश, नेपाल

कुश्मा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मा, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

**९. दरखास्त फाराम, परीक्षाको पाठयक्रम र कार्यविधिः** कार्यालयको website **www.kushmamun.gov.np** बाट डाउनलोड गर्न सकिनेछ साथै थप जानकारीका लागि कार्यालयको फोन नं ०६७-४२०१४१ मा सम्पर्क गर्न सकिनेछ ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत